# गोरखापत्र संस्थान

धर्मपथ, न्युरोड, काठमाडौं

## पत्रिका ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. सा.प्र. ०६।२०७८।०७९**

**प्रकाशन मिति : २०७८।११।१९**

यस संस्थानका प्रकाशनहरू नियमित रूपमा तपसिल बमोजिमका रूटहरूमा संस्थानले तोकेका समयमा एक आर्थिक वर्षका लागि दैनिक रूपमा ढुवानी गराउन आवश्यक परेकोले इच्छुक ढुवानी सम्बन्धी इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफूले चाहेको भाडा दर प्रस्ट रूपमा उल्लेख गरी तोकिएको समयभित्र रीतपूर्वकको बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**ढुवानी स्थलमार्ग रुटहरू :**

| क्र. सं. | ढुवानी स्थलमार्ग रुट | जम्मा गर्नुपर्ने जमानत (धरौटी) रकम रु. | पत्रिका ढुवानी गर्ने रुट |
|---|---|---|---|
| **गोरखापत्र राष्ट्रिय संस्करण** | | | |
| लट १ | काठमाडौँ-गल्छी-मलेखु-मुग्लिन-आँबुखैरेनी-डुम्रे-दमौली हुँदै पोखरासम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.६९,०००।- | १. काठमाडौँ-मुग्लिन |
| | | | २. मुग्लिन-पोखरा |
| | | | ३. गल्छी-विदुर-नुवाकोट |
| | | | ४. फुर्केखोला-धादिङबेसी |
| | | | ५. आँबुखैरेनी-गोरखा |
| | | | ६. डुम्रे-लमजुङ बेसीशहर |
| लट २ | काठमाडौँ-नारायणघाट-भरतपुर कावसोती-बर्दघाटसम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.४२,०००।- | १. काठमाडौँ-नारायणघाट |
| | | | २. नारायणघाट-टाँडी |
| | | | ३. नारायणघाट-बर्दघाट |
| लट ३ | काठमाडौँ-फर्पिङ-हेटौंडा-पथलैया- वीरगञ्जसम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.४५,०००।- | १. काठमाडौँ-फर्पिङ हुँदै हेटौंडा |
| | | | २. हेटौंडा-वीरगञ्ज |
| | | | ३. पथलैया-कलैया-वीरगञ्ज |
| | | | ४. पथलैया-लालबन्दी |
| | | | ५. नवलपुर-मलंगवा |
| | | | ६. चन्द्रनिगाहपुर-गौर |
| | | | ७. नयाँरोड- बरहथवा |
| **गोरखापत्र विराटनगर संस्करण** | | | |
| लट ४ | विराटनगर कार्यालयबाट-जनकपुर काँकरभित्तासम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.३३,५००।- | १. विराटनगर-इटहरी-काँकरभित्ता |
| | | | २. विराटनगर-इटहरी-ढल्केबर-बर्दिवास-जनकपुर |
| **गोरखापत्र कोहलपुर संस्करण** | | | |
| लट ५ | कोहलपुर कार्यालयबाट-सुर्खेत घोराही, गुलरिया, तौलिहवा र महेन्द्रनगरसम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.९०,०००।- | १. कोहलपुर-महेन्द्रनगर |
| | | | २. कोहलपुर-सुर्खेत |
| | | | ३. कोहलपुर-बुटवल-तौलिहवा-भैरहवा |
| | | | ४. अमेलिया-तुल्सीपुर-घोराही |
| | | | ५. कोहलपुर- नेपालगञ्ज-गुलरिया |

**सर्तहरू :**

१. बोलपत्र दाताले सूचना प्रकाशित भएको मितिले ३१औँ दिनको १२:०० बजेभित्र लिखित निवेदन पेस गरी ढुवानी सम्बन्धी बोलपत्र कागजात रु.३,०००।०० (अक्षरुपी तीन हजार) फिर्ता नहुने दस्तुर तिरी वा सो बराबरको रकम संस्थानको ने.बैं.लि. काठमाडौँ कार्यालय स्थित चल्ती नं.००२००१००५०२४२५००००० १ मा जम्मा गरी सोको सक्कल बैंक भौचर पेस गरी संस्थानको विराटनगर म.न.पा. १९, बैजनाथपुरस्थित प्रदेश स्तरीय प्रकाशन कार्यालय विराटनगर वा कोहलपुर-११, बाँकेस्थित प्रदेश स्तरीय प्रकाशन कार्यालय, कोहलपुर वा संस्थानको प्रधान कार्यालय, सामान्य प्रशासन शाखा, धर्मपथ, काठमाडौँबाट प्राप्त गर्न सकिन्छ । यसरी बोलपत्र कागजात प्राप्त गरी सकेपछि बोलपत्र दाताले बोलपत्र कागजातमा उल्लेखित ढुवानी सम्बन्धी कुनै एउटा रुटमा वा एकभन्दा बढी रुटमा वा सबै रुटहरूका लागि आफ्नो प्रस्ताव पेस गर्न सक्नेछ । निवेदनको साथमा फर्म, संस्था र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

२. बोलपत्र दाताले आफ्नो प्रस्ताव पेस गर्दा बोलपत्र कागजातको साथमा तोकिए बमोजिमको बैंक जमानत वा सो बराबरको नगद रकम माथि उल्लेखित संस्थानको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचर अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । बोलपत्र जमानत वा नगद जम्मा गर्दा तोकिए बमोजिम प्रत्येक ढुवानीको रुट अनुसार अलग अलग जम्मा गरी सोको कागजात पेस गर्नुपर्नेछ । कुनै बोलपत्र दाताले सबै रुटका लागि बोलपत्र प्रस्ताव पेस गरेको छ भने बोलपत्र जमानत अलग अलग बनाई सोको सक्कल बैंक भौचर पेस गर्नुपर्ने र बोलपत्र कागजातमा समेत छुट्टाछुट्टै तोकिए बमोजिमको मूल्य सम्बन्धी फाराममा भरी आफ्नो प्रस्ताव पेस गर्नुपर्नेछ । बोलपत्र जमानतको हकमा सोको मान्य अवधि कम्तीमा बोलपत्र खोल्ने मितिदेखि १२० दिनको हुनुपर्नेछ ।

३. बोलपत्र दर्ता गर्दा बोलपत्र साथ फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, प्यान प्रमाणपत्रको प्रतिलिपि, सवारी दर्ता तथा सवारी धनीको नाम प्रस्ट उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ढुवानी सेवाको इजाजतको प्रतिलिपि सहित अन्य आवश्यक कागजातहरू पेस गर्नुपर्नेछ । करको हकमा आर्थिक वर्ष २०७७।७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आय विवरण पेस गरेको प्रमाणित कागजात वा आय विवरण पेस गर्न म्याद थप भएको निस्सा वा प्रमाण पेस गर्नुपर्नेछ ।

४. बोलपत्र भौतिक रूपमा नै संस्थानको प्रधान कार्यालय, धर्मपथ, काठमाडौँमा पेस गर्नुपर्नेछ । अनलाइनबाट पेस गर्ने व्यवस्था गरिएको छैन । बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर पत्रिका ढुवानी सम्बन्धी बोलपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ । साथै, श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ ।

५. स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कार्य सम्पादन जमानत पेस गरी संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ ।

६. नेपाल सरकारबाट ढुवानी सेवा सञ्चालन गर्न इजाजत प्राप्त सबै फर्म वा कम्पनी यस बोलपत्रका लागि ग्राह्य हुनेछन् ।

७) योग्य बोलपत्र दाताहरूले यस सम्बन्धी थप जानकारी लिन चाहेमा यस संस्थानको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् :
टेलिफोन नं. : ४२२३०७८, इमेल : sgorkhapatra@gmail.com
गोरखापत्र संस्थान प्रधान कार्यालय, सामान्य प्रशासन शाखा, धर्मपथ, काठमाडौँ ।

८) सिलबन्दी बोलपत्र संस्थानको प्रधान कार्यालय, धर्मपथ, काठमाडौँमा मात्र मिति २०७८।१२।१९ गते, १२:०० बजेभित्र बुझाउनुपर्नेछ । बोलपत्र पेस गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खोलेको दिनमा १२:०० बजेभित्र सिलबन्दी बोलपत्र बुझाउनुपर्नेछ । ढिलो गरी प्राप्त सिलबन्दी बोलपत्र स्वीकार गरिनेछैन ।

९) तोकिएको समयभित्र पेस भएका सिलबन्दी बोलपत्रहरू उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा गोरखापत्र संस्थानको प्रधान कार्यालय, धर्मपथ, काठमाडौँमा २०७८।१२।१९ गते दिनको २:०० बजे खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट ०२:०० बजे खोलिनेछ । सिलबन्दी बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ९० दिन सम्मका लागि सिलबन्दी प्रस्ताव मान्य हुनेछ ।

१०) सिलबन्दी बोलपत्र पेस गर्ने प्रयोजनका लागि बोलपत्र जमानत वा संस्थानले माग गरेको धरौटी रकम जम्मा गर्नुपर्नेछ ।

११) संस्थानले आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कन गर्ने समयमा पनि बोलपत्र दाताहरूसँग प्रस्तावसँग सम्बन्धित विवरण र कागजातहरू माग गर्न सक्दछ ।

१२) कुनै वा सबै सिलबन्दी बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा निहित रहनेछ ।

**गोरखापत्र संस्थान**
**सामान्य प्रशासन शाखा**
**प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ ।**
**टेलिफोन नं.: ४२२३०७८**